# थाक्रे गाउँपालिकाका उपाध्यक्ष श्री यन्त्र बहादुर थापाज्यूबाट गाउँसभामा पेश गर्नु भएको

# आर्थिक वर्ष २०८३।०८४ को बजेट वक्तव्य

थाक्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महादेववेशी, धादिङ
बागमती प्रदेश, नेपाल

## थाक्रे गाउँपालिकाका उपाध्यक्ष श्री यन्त्र बहादुर थापाज्यूबाट गाउँसभामा पेश गरिएको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

**आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,**
**एवं सम्मानित गाउँसभाका सदस्यज्यूहरू।**

थाक्रे गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय १९औँ गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। यस ऐतिहासिक अवसरमा नेपालको राजनीतिक रूपान्तरण, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र नागरिक अधिकारका लागि भएका सम्पूर्ण क्रान्ति एवं आन्दोलनहरूलाई म स्मरण गर्न चाहान्छु। २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, २०५२ सालदेखि सुरु भएको १० वर्षे महान जनयुद्ध र २०६२/६३ को ऐतिहासिक जनआन्दोलन लगायतका न्यायपूर्ण संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते, बेपत्ता र अपाङ्गता भएका आदरणीय योद्धाहरूप्रति उच्च आदरभाव प्रकट गर्दछु।

**सभाध्यक्षज्यू,**

आर्थिक वर्ष २०८३/०८४ का लागि तयार गरिएको बजेट केवल अङ्कहरूको सङ्गालो मात्र होइन, यो सिङ्गो थाक्रेवासीको हित, आशा र भरोसालाई केन्द्रबिन्दुमा राखी तयार गरिएको समृद्धिको मार्गचित्र हो। यसलाई नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, सङ्घीय सरकारको १६औँ आवधिक योजना, दिगो विकास लक्ष्य, बागमती प्रदेश सरकारको नीतिगत मार्गदर्शन र थाक्रे गाउँपालिकाको २५ वर्षे दीर्घकालीन रणनीतिक योजना, एवं आवधिक योजनाको जगमा उभिएर वार्षिक नीति तथा कार्यक्रमलाई मूर्त रूप दिने सशक्त दस्तावेजका रूपमा प्रस्तुत गरेको छु।

बजेट तर्जुमा गर्दा गाउँपालिकाको दीर्घकालीन सोच र उपलब्ध स्रोत-साधनबीच वैज्ञानिक सन्तुलन कायम गर्ने प्रयास गरिएको छ। यस प्रक्रियामा हाम्रा आदरणीय जनप्रतिनिधिज्यूहरू, निजी क्षेत्र, नागरिक समाज, विषयविज्ञ र आम थाक्रेवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूबाट प्राप्त सुझावहरूलाई मार्गदर्शनको रुपमा लिएको छु। विकासप्रतिको जनचाहना र आन्तरिक राजस्व परिचालनको सीमित दायरालाई ध्यान दिँदै सीमित स्रोतका बीच नागरिकका असीमित आवश्यकताहरूलाई कुशलतापूर्वक सम्बोधन गर्ने चुनौती हाम्रासामु रहेको छ। त्यसैले, उपलब्ध स्रोत साधनबाट अधिकतम प्रतिफल दिने क्षेत्रलाई ध्यान पुऱ्याई बजेट तर्जुमा गरेको छु।

**सभाध्यक्षज्यू,**

सीमित बजेटबाट नागरिकका असीमित मागहरू पूरा गर्नु पक्कै पनि सहज छैन। म यस सम्मानित सभा समक्ष एउटा यथार्थ साझा गर्न चाहन्छु। गत आर्थिक वर्षमा आर्थिक क्षेत्रमा देखिएको शिथिलता र हाम्रो आन्तरिक राजस्व सङ्कलनमा आएको संकुचनका कारण विगतमा स्वीकृत कतिपय महत्त्वपूर्ण योजनाहरूलाई हामीले चाहेर पनि पूर्ण रूपमा कार्यान्वयन गर्न सकेनौं। यस परिस्थितिलाई आत्मसात् गर्दै, आगामी वर्षका लागि हचुवाका भरमा नयाँ योजना थप्नुभन्दा विगतका अधुरा र क्रमागत योजनाहरूलाई तार्किक निष्कर्षमा पुऱ्याउन, स्रोतको

सुनिश्चितता गर्न र जनसरोकारका अति आवश्यक योजनाहरूलाई प्राथमिकीकरण गरी बजेट विनियोजन गरेको छु।

दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सङ्घीय शासन व्यवस्था अवलम्बन गरिएसँगै थाक्रे गाउँपालिका स्थापनाको ९ वर्ष पूरा भइसकेको छ। यस अवधिमा हामीले स्थानीय सरकारका रूपमा आर्थिक, सामाजिक र पूर्वाधारका क्षेत्रमा थुप्रै सुधारका आधारशिलाहरू निर्माण गरेका छौं। गाउँपालिकाको निर्णय प्रक्रियामा आम नागरिकको सहज पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ। थाक्रे गाउँपालिकाप्रति नागरिकको अपनत्व दिनानुदिन बलियो बन्दै गएको छ। हिजोका दिनमा वञ्चितीकरणमा परेका समुदायका नागरिकले आज राज्यको उपस्थिति महसुस गर्दै सम्मानजनक सामाजिक जीवनको प्रत्याभूति पाइरहेका छन्। सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउँदै सिंहदरबारको अधिकारलाई वास्तविक रूपमा जनताको घरदैलोसम्म पुऱ्याउने हाम्रो लक्ष्यमा आशातीत प्रगति भइरहेको कुरा म गौरवका साथ निवेदन गर्न चाहन्छु।

**सभाध्यक्षज्यू,**

**अब म यस बजेटका मुख्य उद्देश्य र प्राथमिकताहरू सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

यस बजेटले थाक्रेको मुख्य आर्थिक मेरुदण्डका रूपमा रहेको कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण मार्फत आम किसानको जीवनस्तरमा गुणात्मक वृद्धि गर्ने लक्ष्य राखेको छ। हामीले प्रविधिमा आधारित, छिटो र गुणस्तरीय सेवा प्रवाहमार्फत स्थानीय तहमा सुशासनको पूर्ण अभिवृद्धि गर्ने सङ्कल्प लिएका छौं। गाउँपालिकाको आर्थिक विकासलाई टेवा पुग्ने गरी दिगो, सुरक्षित र आधुनिक भौतिक पूर्वाधारको विकास गर्दै उपलब्ध स्रोत र साधनलाई समन्यायिक ढङ्गले परिचालन गरिनेछ। यसबाट आम नागरिकको गाँस, बासको न्यूनतम आवश्यकता सुनिश्चित भई गरिबी न्यूनीकरणमा ठोस योगदान पुग्नेछ।

उत्पादन वृद्धि गर्दै स्थानीय स्तरमै व्यापक रोजगारीका अवसरहरू सिर्जना गर्न र दिगो विकासका लक्ष्यहरूलाई समयमै पूरा गर्न यो बजेट प्रतिबद्ध छ। कृषि, दिगो पर्यटन र यातायात पूर्वाधारको एकीकृत विकास मार्फत आधुनिक समुन्नतिको आधार तयार गरिनेछ। सूचना र आधुनिक सञ्चार प्रविधिको समुचित प्रयोग गरी समयानुकूल डिजिटल विकास प्रणाली अवलम्बन गरिनेछ भने वन, वातावरण तथा विपद् व्यवस्थापनमा पर्यावरणमैत्री विधिहरू प्रयोग गरी एक स्वच्छ र हरियाली पालिकाको स्थापना गरिनेछ।

**सभाध्यक्षज्यू,**

हाम्रा सीमित स्रोत साधन र असीमित जनचाहनाहरूका बीच सन्तुलन कायम गर्न आगामी आर्थिक वर्षका लागि मैले केही महत्त्वपूर्ण प्राथमिकताहरू निर्धारण गरेको छुः

**बजेटका प्राथमिकताका क्षेत्रहरू:**

विगतका आर्थिक वर्षहरूमा आन्तरिक राजस्व संकुचनका कारण कार्यान्वयन हुन नसकेका अधुरा, क्रमागत तथा सिर्जना भइसकेका दायित्व भएका योजनाहरूलाई तार्किक निष्कर्षमा पुऱ्याउन बजेट विनियोजनमा पहिलो प्राथमिकता दिइनेछ।

कृषिको आधुनिकीकरण, पशुपालन क्षेत्रको सुदृढीकरण र किसानमैत्री बजारीकरण गरी पालिकालाई उत्पादनमा आत्मनिर्भर बनाइनेछ र खाद्य सुरक्षा सुनिश्चित गरिनेछ।

सामुदायिक विद्यालयहरूको भौतिक र डिजिटल पूर्वाधार विकास गर्दै बालबालिकाहरूका लागि गुणस्तरीय, प्राविधिक तथा व्यावहारिक शिक्षा सुनिश्चित गर्न पर्याप्त बजेट विनियोजन गरिएको छ।

आम नागरिकको स्वास्थ्य अधिकार रक्षाका लागि स्वास्थ्य संस्थाहरूको स्तरोन्नति, आवश्यक औषधिको उपलब्धता र प्रविधिमैत्री स्वास्थ्य सेवा प्रवाहमा विशेष जोड दिइनेछ।

महिला, बालबालिका, दलित, जनजाति र अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास, नेतृत्व सुदृढीकरण र सामाजिक संरक्षणका लागि ठोस कार्यक्रमहरू अगाडि बढाइनेछ।

स्थानीय स्तरका विवादहरूलाई छिटो र न्यायपूर्ण ढङ्गले निरूपण गर्न न्यायिक समितिको क्षमता अभिवृद्धि गर्दै गाउँ तहसम्म कानुनी सचेतना र विधिको शासन बलियो बनाइनेछ।

विकास र वातावरणबीच सन्तुलन कायम गर्दै पालिकाका रणनीतिक सडक, खानेपानी र अन्य आवश्यक भौतिक पूर्वाधारहरूलाई दिगो र गुणस्तरीय रूपमा निर्माण गरिनेछ।

गाउँपालिका र वडाका सेवाहरूलाई पूर्ण रूपमा प्रविधिमैत्री र पारदर्शी बनाउन सूचना प्रविधिको विस्तार गरिनेछ, जसले सुशासन र उत्तरदायित्वलाई थप मजबुत बनाउनेछ।

नेपाल सरकार र बागमती प्रदेश सरकारको आर्थिक नीतिसँग पूर्ण तादात्म्यता कायम गर्दै साझा अधिकारका कार्यक्रमहरू र ठूला समपूरक योजनाहरूका लागि साझेदारी बजेटको सुनिश्चितता गरिएको छ।

गाउँपालिकाको २५ वर्षे रणनीतिक योजनाको मार्गदर्शन र प्रत्येक वडा कार्यालय एवं जनस्तरबाट माग भई आएका वास्तविक योजनाहरूको जगमा टेकेर समन्यायिक विकासको सुनिश्चितता गरिनेछ।

गाउँपालिकाको आर्थिक सञ्चालनलाई पारदर्शी, मितव्ययी र जवाफदेही बनाउन आर्थिक प्रशासन र बेरुजु फछ्र्यौट प्रणालीलाई थप चुस्त र सुदृढ बनाइनेछ।

स्थानीय बेरोजगार युवाहरूलाई रोजगारीसँग जोड्न 'रोजगार कार्यक्रम' र श्रममूलक आयोजनाहरूलाई एकीकृत रूपमा परिचालन गरी पालिकाभित्रै रोजगारीका अवसरहरू बढाइनेछ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र सीपमूलक बनाउन, तथा रेमिट्यान्सको सही सदुपयोगका लागि 'सामी कार्यक्रम' मार्फत परामर्श, वित्तीय साक्षरता र सीप विकासका कार्यहरूलाई प्रभावकारी बनाइनेछ।

**आदरणीय सभाअध्यक्ष,**
**एवं गाउँ सभाका सदस्यज्यूहरू,**

अब म चालू आ. व. २०८२/८३ को हालसम्मको प्रगति विवरण पेस गर्दछु। चालू आ. व. को मिति २०८३/०३/०९ गतेसम्मको आम्दानी तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छः

चालू आर्थिक वर्षमा **आर्थिक विकास क्षेत्र**तर्फ विनियोजित रकम रु. ९ करोड ९० लाख ९९ हजारमध्ये रु. २ करोड २१ लाख ४ हजार ३ सय ५३ मात्र खर्च भएको छ। यो विनियोजित रकमको २२.३१ प्रतिशत हुन आउँछ।

**सामाजिक विकास**तर्फ रु. ३७ करोड ५७ लाख ८५ हजार विनियोजन गरिएकोमा रु. २६ करोड ३९ हजार ७ सय ८६ मात्र खर्च भएको छ। यो विनियोजित रकमको ६९.२ प्रतिशत हुन आउँछ।

**पूर्वाधार विकास**तर्फ रु. ३३ करोड २५ लाख ६७ हजार विनियोजन गरिएकोमा रु. १३ करोड ४१ लाख ७१ हजार ५ सय ४२ मात्र खर्च भएको छ। यो विनियोजित रकमको ४०.३४ प्रतिशत हुन आउँछ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**तर्फ रु. ३ करोड १४ लाख २५ हजार विनियोजन गरिएकोमा रु. ९२ लाख ५० हजार १ सय ३४ मात्र खर्च भएको छ। यो विनियोजित रकमको २९.४४ प्रतिशत हुन आउँछ।

**कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च**तर्फ रु. १६ करोड २७ लाख ८ हजार विनियोजन गरिएकोमा रु. ८ करोड २६ लाख ३६ हजार ८ सय ४७ मात्र खर्च भएको छ। यो विनियोजित रकमको ५०.७९ प्रतिशत हुन आउँछ।

समग्रमा, आम्दानी र खर्च शीर्षकमा विनियोजन भएको कुल रकमको हालसम्मको खर्च ५०.७३ प्रतिशत रहेको छ।

**सभाअध्यक्षज्यू एवं**
**गाउँ सभाका सदस्यज्यूहरू,**

आ. व. २०८३/०८४ को अनुमानित आय देहाय बमोजिम प्रस्तुत गर्दछुः

सङ्घीय सरकार, बागमती प्रदेश सरकार र आन्तरिक आय समेत गरी आगामी आ. व. २०८३/०८४ का लागि जम्मा रु. ८४ करोड ८ लाख २९ हजारको अनुमानित आय प्रस्ताव गरेको छु। जसमध्येः

**क) सङ्घीय सरकारबाट प्राप्त हुने अनुमानित आयः** सङ्घीय वित्तीय समानीकरण अनुदानतर्फ रु. १५ करोड ३ लाख, सङ्घीय राजस्व बाँडफाँडबाट रु. ९ करोड २४ लाख ४७ हजार, सङ्घीय विशेष अनुदानबाट रु. ४५ लाख,

सङ्घीय समपूरक अनुदानबाट रु. २६ लाख र सङ्घीय सशर्त अनुदानतर्फ रु. २३ करोड ९० लाख गरी सङ्घीय सरकारबाट जम्मा रु. ४८ करोड ८८ लाख ४७ हजार प्राप्त हुने अनुमान छ।

**ख) बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित आयः** बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकम रु. १ करोड ४५ लाख २३ हजार, प्रदेश राजस्व बाँडफाँडबाट रु. ३ करोड ५७ लाख ३२ हजार ९ सय ५०, प्रदेश विशेष अनुदानबाट रु. ७० लाख, प्रदेश समपूरक अनुदानबाट रु. १ करोड ६० लाख र प्रदेश सशर्त अनुदानतर्फ रु. १ करोड ५७ लाख ९८ हजार गरी जम्मा रु. ८ करोड ९० लाख ५३ हजार ९ सय ५० प्राप्त हुने अनुमान छ।

**ग) आन्तरिक आयः** आन्तरिक आयतर्फ स्थानीय राजस्व बाँडफाँड, बेरुजु असुली, अन्य सेवा शुल्क तथा बिक्री र अन्य क्षेत्रको आय लगायतबाट जम्मा रु. २६ करोड २९ लाख २८ हजार ५० अनुमान गरिएको छ, जसबाट पालिकाको कुल आय अनुमानित रु. ८४ करोड ८ लाख २९ हजार पुग्नेछ।

अब म यस गाउँपालिकाको आगामी आ. व. २०८३/०८४ को विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित व्यय विवरण यस सम्मानित सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु।

सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान र समपूरक अनुदानको रकम सम्बन्धित शीर्षकमै खर्च हुने व्यवस्था मिलाएको छु। गाउँपालिकाको प्रशासनिक खर्च राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट व्यहोर्ने गरी व्यवस्था मिलाएको छु। प्रशासनिक खर्चलाई न्यूनीकरण गर्दै पूँजीगत खर्चतर्फ बजेट वृद्धि गर्ने प्रयत्न गरेको छु।

जम्मा बजेट रु. ८४ करोड ८ लाख २९ हजारमध्ये चालू खर्चतर्फ कुल बजेटको ४८.५३ प्रतिशतले हुन आउने रकम रु. ४० करोड ८० लाख ५४ हजार ३ सय १४ र पूँजीगततर्फ कुल बजेटको ५१.४७ प्रतिशतले हुन आउने रकम रु. ४३ करोड २७ लाख ७४ हजार ६ सय ८६ विनियोजन गरेको छु।

सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान र समपूरक अनुदानको रकम सम्बन्धित शीर्षकमै खर्च हुने व्यवस्था मिलाएको छु। गाउँपालिकाको प्रशासनिक खर्च राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट व्यहोर्ने गरी व्यवस्था मिलाएको छु। प्रशासनिक खर्चलाई न्यूनीकरण गर्दै पूँजीगत खर्चतर्फ बजेट वृद्धि गर्ने प्रयत्न गरेको छु।

जम्मा बजेट रु. ८४ करोड ८ लाख २९ हजारमध्ये चालू खर्चतर्फ कुल बजेटको ४८.५३ प्रतिशतले हुन आउने रकम रु. ४० करोड ८० लाख ५४ हजार ३ सय १४ र पूँजीगततर्फ कुल बजेटको ५१.४७ प्रतिशतले हुन आउने रकम रु. ४३ करोड २७ लाख ७४ हजार ६ सय ८६ विनियोजन गरेको छु। जसमध्ये आर्थिक विकासतर्फ रु. ७ करोड ७० हजार, सामाजिक विकासतर्फ रु. ३४ करोड ५६ लाख ८० हजार, पूर्वाधार विकासतर्फ रु. २५ करोड ३ लाख ४५ हजार, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु. १४ करोड ४७ लाख ६८ हजार र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ रु. २ करोड ९९ लाख ६६ हजार विनियोजन गरेको छु।

आदरणीय सभाध्यक्ष ज्यू, आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि विनियोजन गरिएको कुल बजेट रकम रु. ८४ करोड ८ लाख २९ हजार रुपैयाँको क्षेत्रगत विवरण पेस गर्दछु।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| **१** | **आर्थिक विकास** | **७ करोड ७० हजार** |
| १.१ | कृषि | २ करोड २४ लाख ८५ हजार |
| १.२ | उद्योग | ५० लाख |
| १.३ | पर्यटन | १ करोड २ लाख |
| १.४ | सिँचाइ | १ करोड ४० लाख ५० हजार |
| १.५ | पशुपन्छी विकास | १ करोड ८३ लाख ३५ हजार |
| **२** | **सामाजिक विकास** | **३४ करोड ५६ लाख ८० हजार** |
| २.१ | शिक्षा | २५ करोड ६४ लाख ३९ हजार |
| २.२ | स्वास्थ्य | ५ करोड ८१ लाख ५१ हजार |
| २.३ | खानेपानी तथा सरसफाइ | १ करोड ६४ लाख २३ हजार |
| २.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १ करोड १० लाख |
| २.५ | सामाजिक सुरक्षा तथा संरक्षण | ३६ लाख ६७ हजार |
| **३** | **पूर्वाधार विकास** | **२५ करोड ३ लाख ४५ हजार** |
| ३.१ | यातायात पूर्वाधार | १९ करोड ७० लाख |
| ३.२ | भवन आवास तथा सहरी विकास | २ करोड ९५ लाख ७५ हजार |
| ३.३ | ऊर्जा | १८ लाख |
| ३.४ | सम्पदा पूर्वाधार | १ करोड ६१ लाख ५० हजार |
| ३.५ | सञ्चार तथा सूचना प्रविधि | ५८ लाख २० हजार |
| **४** | **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र** | **२ करोड ९९ लाख ६६ हजार** |
| ४.१ | विपद् व्यवस्थापन | १ करोड २८ लाख ४८ हजार |
| ४.२ | श्रम तथा रोजगारी | ३१ लाख २ हजार |
| ४.३ | कानुन तथा न्याय | १४ लाख ४ हजार |
| ४.४ | तथ्याङ्क प्रणाली | १४ लाख |
| ४.५ | गरिबी निवारण | ४६ लाख |
| ४.६ | शासन प्रणाली | ४४ लाख |
| ४.७ | वित्तीय सुशासन | २२ लाख १२ हजार |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१४ करोड ४७ लाख ६८ हजार** |
|  | **जम्मा** | **८४ करोड ८ लाख २९ हजार** |

**सभाध्यक्षज्यू,**

**एवं गाउँसभाका सदस्यज्यूहरू,**

अन्त्यमा, आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि थाक्रे गाउँपालिकाको वार्षिक बजेट तर्जुमा गर्ने ऐतिहासिक सन्दर्भमा महत्त्वपूर्ण मार्गदर्शन एवं सहयोग पुऱ्याउनुहुने गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू, वडा अध्यक्षज्यूहरू एवं सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यो बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा प्रत्यक्ष एवं परोक्ष रूपमा अहोरात्र खटिनु भएका गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। बजेट निर्माणको प्रक्रियामा आ-आफ्नो क्षेत्रबाट अमूल्य सुझाव र परोक्ष सहयोग पुऱ्याउनुहुने आदरणीय राजनीतिक दलका प्रतिनिधिहरू, समाजसेवी, बुद्धिजिवी, सञ्चारकर्मी मित्रहरू, सुरक्षा निकाय एवं सम्पूर्ण थाक्रेवासी दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सरोकारवाला सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। बजेट निर्माण गर्नु आफैँमा महत्त्वपूर्ण पक्ष हो, तर यसको वास्तविक सफलता यसको समन्यायिक र प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। तसर्थ, यस बजेटको सफल कार्यान्वयनमार्फत थाक्रे गाउँपालिकाको समृद्धि र सुशासन कायम गर्नका लागि यहाँहरू सबैको पूर्ववत् साथ, सहयोग र दृढ प्रतिबद्धताको अपेक्षा गरेको छु।

**धन्यवाद।**

**यन्त्र बहादुर थापा**
**उपाध्यक्ष**
**थाक्रे गाउँपालिका**
**मिति २०८३ असार १० गते,बुधबार**